# विराटनगर महानगरपालिका

बैठक संख्याः ६५ | बैठक प्रारम्भः दिउसो ३ : ३० बजे

मितिः २०७७/१/०९ | बैठक स्थगनः ५ : ०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |

| | | | |
|---|---|---|---|
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री इन्द्रमणि पोखरेल | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | राजेन्द्र प्रधान | |
| ३२ | आ.सहयोगी | संजिबकुमार भट्टराई | |
| ३२ | आ.सहयोगी | केवल पोखरेल | |

निर्णय नं. १

विराटनगर महानगरपालिकाबाट कोरोना भाइरस (कोभिड १९) को महामारीमा राहत संकलन तथा वितरण प्रकृयाको समिक्षा गरियो ।

निर्णय नं. २

विराटनगर महानगरपालिकाबाट राहत सामाग्री खरिद तथा भर्पाई बमोजिमको राहत वितरणलाई अनुमोदन गरियो ।

निर्णय नं. ३

अति गरिव तथा विपन्न परिवारहरुलाई खाद्यान्न राहत सामग्री उपलब्ध गराउनु पर्ने भएकोले मिति २०७६/१२/१६ को कार्यपालिका बैठकबाट आ.व. २०७६/०७७ को वार्षिक बजेटको सि. नं. ७६ विशेष क्षेत्र पूर्वाधार कार्यक्रम शिर्षकको आन्तरिक श्रोत अन्तरगत विनियोजन रु. ६ करोड मध्ये रु. १ करोड विपत व्यवस्थापन कोषमा विनियोजन गर्ने निर्णय भएकोमा उक्त रकमले खाद्यान्न राहत सामाग्री उपलब्ध गराउन नपुग हुने हुँदा सोही शिर्षकबाट थप रु. १ करोड रकम विपत व्यवस्थापन कोषमा विनियोजन गर्ने निर्णयलाई सर्व-सम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

अति गरिव तथा विपन्न परिवारहरुलाई दोश्रो चरणमा थप खाद्यान्न राहत सामग्री उपलब्ध गराउन रकम अपुग भएको हुंदा आ.व. २०७६।०७७ को वार्षिक वजेट अन्तर्गत सहकारी कार्यक्रम तर्फको रु.४१ लाख ५० हजार, कृषि प्रर्वद्धन कार्यक्रम तर्फको रु.२२ लाख १९ हजार, सामाजिक विकास कार्यक्रम तर्फको रु.१ करोड ९८ लाख ४५ हजार, भेटरिनरी / पशुस्वास्थ्य कार्यक्रम तर्फको रु.१२ लाख २० हजार, खेलकुद विकास कार्यक्रम तर्फको रु.५३ लाख ५० हजार, महिला / वालवालिका लक्षित कार्यक्रम तर्फको रु.१३ लाख ६८ हजार गरी जम्मा रु.३ करोड ४१ लाख ५२ हजार मात्र आगामी नगरसभाबाट अनुमोदन हुने गरी विपत व्यवस्थापन कोषमा रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त वजेट कार्यक्रमहरु अनुसूची १ मा संलग्न गरिएको छ ।

निर्णय नं. ५

विराटनगर महानगरपालिकाको तर्फबाट कोभिड १९ नियन्त्रणका लागि अतिरिक्त समय खटिने कर्मचारीहरुलाई बेसिक तलवको ७५ प्रतिशत इन्सेन्टीभ उपलव्ध गराउने निर्णय भएकोमा उक्त कार्यमा प्रत्यक्ष खटिने स्वास्थ्य लगायतका अन्य कर्मचारीहरुलाई शत प्रतिशत सम्म इन्सेन्टीभ उपलव्ध गराउन सामान्य प्रशासन महाशाखा, प्रमुखको संयोजकत्वमा विपद् व्यवस्थापन महाशाखा, प्रमुख र जनस्वास्थ्य महाशाखा प्रमुख सदस्य रहने गरी ३(तिन) सदस्यीय सिफारिस समिति गठन गरी सो आधारमा नगर प्रमुखबाट प्रमाणित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

विराटनगर महानगरपालिकाका नगर क्षेत्रभित्र बहालमा बसी आफ्नो स्थायी घर जान चाहने विधार्थी तथा नेपाली नागरिकहरुको ३ (तिन) दिन भित्र वडा कार्यालय मार्फत लगत संकलन गरी म.न.पा.समक्ष उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

विराटनगर महानगरपालिकाका राहत वितरणका लागि आवश्यक थप चामल खाद्य व्यवस्था तथा व्यापार कं.लि.बाट जापानिज चामल प्रतिक्विन्टल रु.४२३०।०० का दरले ५००० क्विन्टल खरीद गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।